जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २१९ २०८१ साल चैत १९ गते मंगलबार (1 Apr. 2025 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : तीन तहको सरकारलाई ... ३ पृष्ठमा : तीनकुने घटनाका दोषी ... ३ पृष्ठमा : समयसीमा सकिनुअघि ...

# पत्रकार हत्याबारे सुक्ष्म अनुसन्धानको माग गर्दै प्रधानमन्त्रीलाई ध्यानाकर्षण



**दैनिक समाचारदाता**
**राजविराज, १८ चैत ।**

पत्रकार सुरेश रजकको हत्याबारे सुक्ष्म अनुसन्धान गर्न सरकारसँग माग गर्दै नेपाल पत्रकार महासंघ शाखा सप्तरीले प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

महासंघ सप्तरी शाखाले सोमबार जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्रीलाई ध्यानाकर्षण बुझाउँदै यस्तो माग गरेको हो ।

पत्रकार रजकको हत्यामा संलग्न सबैलाई फौजदारी अभियोगमा कारबाही गर्न तथा उनको परिवारलाई क्षतिपूर्ति दिन, सञ्चारमाध्यम र सञ्चारकर्मीमाथि आक्रमण गर्ने सबैलाई कानुनी कठघरामा ल्याउन तथा क्षति पुर्‍याइएका सञ्चारगृह र सञ्चारकर्मीलाई यथोचित क्षतिपूर्तिका साथै घाइते पत्रकारको उपचारको प्रबन्ध मिलाउन ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

चैत १५ गते काठमाडौंको तीनकुनेमा भएको हिंसात्मक प्रदर्शनका क्रममा भिडियो खिच्ने क्रममा पत्रकार सुरेश रजकको आगोमा जलेर ज्यान गएको, अन्नपूर्ण पोष्ट दैनिकको कार्यालय भवनको भुइँतल्लामा आगो लगाउनुको साथै ढुंगामुढा गरी क्षति पुर्‍याइएको, कान्तिपुर टेलिभिजनको भवनमा ढुंगामुढा गरी क्षति पुर्‍याइएको, हिमालयन टेलिभिजनको सवारी साधनमा तोडफोड गरी क्षति पुर्‍याइएको, पत्रकार दिनेश गौतममाथि आक्रमण गरी खुट्टा भाँचिएको र फोटो पत्रकार निराज तामाङको क्यामेरा

बाँकी दुई पृष्ठमा

# एमालेले शक्ति प्रदर्शन गर्दै निकाल्यो मोटरसाइकल ¥याली



**दैनिक समाचारदाता**
**राजविराज, १८ चैत ।**

संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासका लागि प्रतिगामी तत्वलाई परास्त गरौ भन्ने मुल नाराका साथ नेकपा एमाले सप्तरीले सोमबार सप्तरीमा मोटरसाइकल ¥याली निकालेको छ ।

बाँकी तीन पृष्ठमा

# मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको भवनको शिलान्यास



**दैनिक समाचारदाता**
**धनुषा, १८ चैत ।**

मधेसका मुख्यमन्त्री सतिश सिंहले मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानको एकेडेमिक भवनको सोमबार शिलान्यास गरेका छन् ।

जनकपुरधाम उपमहानगरपालिका १३ स्थित मणि मण्डप पछाडिको गुठी जग्गामा दुई करोड ५० लाखको लागमा निर्माण हुन लागेको भवनको मुख्यमन्त्री सिंहले शिलान्यास गरेका हुन् ।

मुख्यमन्त्री सिंहले उक्त एकेडेमिक भवनको निर्माणले शैक्षिक गतिविधिलाई थप सहज बनाउने अपेक्षा गरिएको बताए ।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार विनोद यादवका अनुसार प्रतिष्ठानको शैक्षिक भवनसहित कक्षा कोठा, प्रयोगशाला र अस्पतालको संरचना निर्माण गर्ने योजना रहेको बताउनुभयो । उहाँले भवन निर्माणपछि शैक्षिक गतिविधिमा सुधार आउने बताए ।

नगरप्रमुख मनोजकुमार साहले गुठीको जग्गमा कानुनी प्रक्रिया पूरा गरी भवन निर्माण हुन लागेको स्पष्ट पारे । उनले सामाजिक कार्यका लागि निर्माण भइरहेकाले भवनको दुवै छेउमा वैकल्पिक सडकको व्यवस्था मिलाइने जानकारी दिँदै सबै पक्षलाई सहयोग गर्न आग्रहसमेत गरे ।

# मारिएका पत्रकार रजकका परिवारलाई सरकारले सहयोग गर्छ : प्रधानमन्त्री

काठमाडौँ, १८ चैत (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले यही चैत १५ गते भएको तीनकुने घटनामा मारिएका पत्रकार सुरेश रजकका परिवारलाई सरकारले आवश्यक सहयोग गर्ने बताउनुभएको छ ।

प्रधानमन्त्री निवास, बालुवाटारमा सोमबार भएको भेटमा उहाँले मृतकको दाहसंस्कार गर्न परिवारजनलाई आग्रह गर्दै सुरेशकी श्रीमती सुजनलाई रोजगारीलगायत आवश्यक व्यवस्थाका लागि सरकारले ध्यान दिने बताउनुभयो ।

बाँकी तीन पृष्ठमा

IMPACT Nepal

## आवश्यकता

अपाङ्गता रोकथाममा समर्पित गैर-सरकारी सामाजिक संस्था यस इम्प्याक्ट नेपालका लागि करार सेवामा सुरक्षित मातृत्व तथा बाल स्वास्थ्य कार्यक्रमका लागि निम्नानुसार पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट मिति २०८१ चैत्र २२ गते कार्यलय समयसम्ममा आइपुग्ने गरि दरखास्त आह्वान गरिएको छ ।

| पद | काम गर्ने स्थान | संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|
| सामुदायिक स्थलगत कार्यकर्ता (महिला) | छिन्नमस्ता गापा, सप्तरी | १ | HA / Staff Nurse |

द्रष्टव्य:

१. उमेर १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।
२. दरखास्त बुझाउनु पर्ने स्थान : इम्प्याक्ट नेपालको केन्द्रीय कार्यालय माइतीघर काठमाडौं (०१-५३५४६३५, ५३४२९०२) वा इम्प्याक्ट नेपाल कान उपचार केन्द्र मलेठ राजबिराज (०३१-५९०००५) वा ईमेल: vacancy.impactnepal@gmail.com, मार्फत पनि पठाउन सकिनेछ ।
३. सम्पर्क ठेगाना, इमेल, टेलिफोन नं.उल्लेख भएका दरखास्तका साथ नागरिकता, शैक्षिक योग्यता, तालिम, अनुभव तथा प्रशंसा पत्रको प्रमाण-पत्रका प्रतिलिपिहरु साथै हाल सालै खिचेको पासपोर्ट साईजको फोटो पेश गर्नु पर्नेछ ।
४. रितपुर्वक आवेदन दिएका उमेदवारहरुका अन्तर्वाताको लागी सम्पंक गरीनेछ ।
५. अनुभवी तथा स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।
६. तलब भत्ता तथा अन्य सुविधा संस्थाको नियमानुसार हुनेछ ।

## सम्पादकीय ....

### अधुरा काम सम्पन्न गराऊ

सप्तरी जिल्लामा दर्जन भन्दा बढी विकासीय कार्यहरु अझै अधुरै छ। वर्षौंदेखी जिल्लामा अधुरा रहेका ती विकासीय कार्यहरुलाई सम्पन्न गराउनेतर्फ अग्रसरता देखाउनु जरुरी छ। स्थानिय पालिकाहरुले विभिन्न योजना तथा विकासीय कार्यहरु हालसम्म पनि सम्पन्न गराउन नसक्दा जनताहरुले सास्ती व्यहोर्नु परिरहेको अवस्था छ। केही पालिकाहरु आन्तरिक विवादमा अल्मलिने गरेका कारण पनि त्यस्ता विकासीय कार्यहरु समयमा सम्पन्न हुन सकेको छैन्। ती पालिकाहरुमा अहिले पनि विवादै कायमै रहेकोले त्यसलाई समाधान गर्नेतर्फ ध्यान दिनु पनि उत्तिकै आवश्यक छ।

कुनै कारणवस समयमै सम्पन्न हुन नसकेका ती अधुरा कार्यहरु सम्पन्न गराउन सम्बन्धित निकायले तदारुकता देखाउनु जरुरी छ। विभिन्न कारणले विकासीय कार्य अझै ओझेलमा परेका छन्। यसका लागि स्थानियहरुले खबरदारी गरेर विकासीय कार्यप्रति चनाखो हुनु आवश्यक छ। छुट्याइएको बजेटलाई खेर जान नदिन अहिलेदेखी नै जनता जागरुक हुनु पनि उत्तिकै आवश्यक समेत रहेको छ।

तसर्थ अधुरा कामहरु सूचारु गराउनेतर्फ सम्बन्धीत निकायले चासोका साथ तदारुकता तथा निगरानी बढाउनु उत्तिकै आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# तीन तहको सरकारलाई जोड्ने एउटै सूत्र ‘सहकार्य’

मधु शाही

काठमाडौँ, १८ चैत (रासस)।

“इन्टरनेटको समयमा हुलाकले अब कागजपत्र बोकिरहनुभन्दा एक–दुई किलोको सामान पठाउन सकिने भए खास्सा हुन्थ्यो”, सुदूरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका निमित्त सचिव आमोद दाहालले यसरी हुलाक सेवालाई सुदूरपश्चिमले कसरी काम गरोस् भन्ने आशय व्यक्त गुर्नभयो।

विसं २०३५ देखि चिट्ठीपत्र आदानप्रदान गर्न सञ्चालित हुलाक सेवा अहिले सूचना प्रविधिको मारमा परेको छ। तर, स्थानीयले भने हुलाक सेवाको प्रभावकारिता बुझेका छन्। यति मात्रै हो, यो सेवाले डिजिटल प्रविधि सुहाउँदो कार्यशैलीमा परिवर्तन ल्याउन आवश्यक छ।

हुलाक स्थानीय तहमा छ। तर त्यसको कार्यान्वयन शैली समयसापेक्ष नहुँदा सुदूरपश्चिमका जनताले सोचेजस्तो लाभ लिन नसकेको निमित्त सचिव दाहालको आशय थियो। उहाँका अनुसार हुलाक सङ्घ र प्रदेशसँगै स्थानीयस्तरमा आवश्यकताअनुसार समन्वयकारी हुनुपर्छ। निमक्ति सचिव दाहालले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आइतबार काठमाडौँमा आयोजना गरेको विषयगत समिति (सञ्चार तथा सूचना प्रविधि क्षेत्र) को बैठक ( सङ्घ प्रदेश र स्थानीय तह) समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिम) मा बैठकमा आफ्ना स्थानीय समस्या बोके मात्रै पुग्नुभएको थिएन, त्यहाँ सहकार्यमार्फत समस्याको समाधान समेत खोज्ने प्रयत्न गर्नुभएको थियो। उहाँले जस्तै, बैठकमा गाउँपालिका,झ प्रदेश सरकार र सङ्घीय सरकारका प्रतिनिधिले एकअर्काका कार्यगत समस्या र जटिलताका बारे खुलेर विचार राख्नुभयो। यिनै समस्या सुनेर मन्त्रालयले निकास समेत निकालेको थियो।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङको प्रमुख उपस्थितिमा बसेको बैठकले तीन तहको सरकारबीच आत्मीय भाव जोडिनु अति आवश्यक रहेको झल्किन्थ्यो। मन्त्री गुरुङले पटक पटक मुलुकको हितका लागि एकअर्कामा सहकार्य गर्नु नै उचित हुने धारणा राख्नुभयो। मन्त्रालयका सचिव राधिका अर्यालले पनि सहकार्य, समन्वय र सहचारिताले तीन तहको सरकारको समृति सम्भव हुनेमा जोड दिनुभयो। यद्यपि बैठकको छलफलमा उठेका विषयमाथिका छलफलले तीन तहको सरकारमा पर्याप्त समन्वयको अभाव देखिएको छ।

हुलाक सेवा विभागका महानिर्देशक मनमाया पँगेनी भट्टराईले हुलाक सेवा स्थानीय प्रदेश र सङ्घीय तीनै तहमा विस्तार भएको भए पनि स्थानीय तहको सहकार्य सहज नहुँदा थुप्रै चुनौती खेप्नु परेको बताउनुभयो। उहाँका अनुसार कतिपय स्थानीय तहमा हुलाक सेवा विभाग छन्। तर, हुलाक सेवाको स्वामित्वमा रहेको जग्गा नै गाउँपालिकाको कार्यालयले हडप्ने गरेको स्थिति रहेकामा गुनासो गर्नुभयो।

“हुलाकको जग्गा नगरपालिकाले नै अतिक्रमण गरेको स्थिति छ”, उहाँले भन्नुभयो, “हुलाक भत्काएर होइन, संरक्षण गरेर प्रयोग गर्नु भनी पटक पटक भन्यौँ, स्थानीय तहले अटेरी गर्छ।” महानिर्देशक भट्टराईले सङ्घीय सरकारसँग सहकार्य गर्न स्थानीय तहलाई आग्रह गर्नुभयो। कतिपय व्यक्तिले हुलाकको जग्गा अतिक्रमण गरेको तथा जग्गा संरक्षणमा स्थानीय तहको मुख्य जिम्मेवारी भए पनि व्यवहारमा प्रस्ट नदेखिएको उहाँले बताउनुभयो।

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव रघुराम विष्टले हुलाक सेवा विभागको इएमएस सेवाको काउन्टर विस्तार गर्न आवश्यक रहेकामा जोड दिनुभयो। “काठमाडौँमा कम्तीमा एउटा काउन्टर राख्नुपर्छ”, उहाँले भन्नुभयो, “हुलाक विभागले अब नयाँ कार्यशैली अपनाउन थाल्नुपर्छ।” हुलाक सेवा जीवन्त बनाउने हो भने अब वैदेशिक रोजगारमा जाने व्यक्तिको राहदानी, अन्य कागजात बोक्ने काम पनि अबको हुलाक संरचनाले गर्नुपर्ने उहाँले सुझाव दिनुभयो।

त्यस्तै, विज्ञापनको राजस्व चुहावटमा समेत स्थानीय तहको कार्य शैलीमाथि प्रश्न उठेको छ। सञ्चार मन्त्रालयका सहसचिव कोशहरि निरौलाले स्थानीय तहले इभेन्ट म्यानेजमेन्ट, होर्डिङबोर्ड जस्ता विज्ञापनमा कर लगाउने कानुनी प्रावधान भए पनि यसको सदुपयोग गर्न नसक्दा अरबौँ राजस्व खेर गएको बताउनुभयो। विज्ञापन बोडर्का कार्यकारी अध्यक्ष लक्ष्मण हुमागाईंले विज्ञापन ऐन व्यवहारमा लागू गर्न अनिवार्य रहेकामा जोड दिनुभयो।

राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त डा सुरेश आचार्य राष्ट्रिय रुपमा सूचनाको दायित्व बोकेको आयोगको केन्द्रीय कार्यालयबाहेक अन्य प्रदेश र स्थानीयमा कुनै पनि संरचना बनाउन नसक्नु आफैँमा गम्भीर विषय रहेको बताउनुहुन्छ। “कतिपयलाई त राष्ट्रिय सूचना आयोगका बारेमै थाहा छैन,” उहाँले भन्नुभयो, “स्थानीय र प्रदेश सरकारबीच समन्वयकारी भूमिकाको अभाव खड्किएको छ।”

सूचना तथा प्रसारण विभागका महानिर्देशक प्रदीप परियारले फ्रिक्वेन्सी वितरणको विषय सङ्घीय सरकारले नै हेर्नुपर्ने धारणा राख्नुभयो। विषयगत समितिका सदस्य, गाउँपालिका राष्ट्रिय महासङ्घका अध्यक्ष खिमबहादुर थापाले सङ्घ, प्रदेश र स्थानीय सरकार बीचको समन्वय पछिल्लो समय बढ्दै गएको अनुभूति भएको बताउनुभयो। यद्यपि प्रदेश र स्थानीय तहमा देखिएका समस्यालाई सङ्घले मिच्न खोजेको भाव भने उस्तै रहेको उहाँको बुझाइ छ। उहाँका अनुसार सरकारी जग्गा अतिक्रमण समाधान गर्ने जिम्मा स्थानीय सरकारले नै लिनुपर्छ।

अध्यक्ष थापाले डिजिटल फ्रेमर्वक कार्यमा पालिकाको रकम छरिएको र यसमा एकरुपता ल्याउनुपर्ने आवश्यक भएको बताउनुभयो। “हुलाक सेवा विस्तारमा पर्याप्त बजेट जरुरी छ, यसो हुँदा पालिकाका तर्फबाट समन्वय र सहकार्य गर्न तयार छौँ,” उहाँले भन्नुभयो, “मोबाइल टावरको हकमा भने स्थानीय सरकारलाई रोयल्टी प्राप्त हुनुपर्छ।”

बैठकमा सञ्चारमाध्यमलाई प्राप्त हुने लोककल्याणकारी विज्ञापनको विषय पनि उठेको थियो। अनलाइन पत्रपत्रिका धेरै मात्रामा सञ्चालन भएकाले स्थानीयदेखि सङ्घसम्म दोहोरो विज्ञापन लिने प्रवृत्ति व्यवस्थापन गर्न जरुरी रहेको बैठकमा सहभागीको भनाइ थियो। प्रधानमन्त्री कार्यालयका सह–सचिव किरण रुपाखेतीले नागरिक एपलाई डेलिभरीसँग जोड्नुपर्ने धारणा राख्नुभयो।

तीन तहको सरकारलाई एउटै मालामा बाँध्न समन्वयकारी भावना जरुरी रहेको सञ्चार तथा सूचना प्रविधिमन्त्री गुरुङको राय छ। नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका गुरुङले सरकारको डिजिटल फ्रेमवर्क उद्देश्य पूरा गर्न देशभरि नै इन्टरनेट र टेलिफोन सेवा विस्तार हुनुपर्ने भए पनि त्यसका लागि स्थानीय तहले विशेष चासो राख्नुपर्ने बताउनुभयो। खासगरी पछिल्लो समय प्रदेश सरकारको कार्य क्षमतामाथि नै प्रश्न उठेको उल्लेख गर्दै उहाँले प्रदेशको महत्व दर्शाउन जिम्मेवारी पूर्ण कार्य सम्पादन पहिलो प्राथमिकतामा राख्नुपर्ने उल्लेख गर्नुभयो। उहाँ भन्नुहुन्छ, “सङ्घीयता भनेको एकअर्काबीच सहकार्य गर्ने समन्वयकारी शासन संस्कार हो।”

# प्याब्सनको तीन वर्षे कार्ययोजना सार्वजनिक

काठमाडौँ, १८ चैत (रासस)।

निजी तथा आवासीय विद्यालय सङ्गठन नेपाल ( प्याब्सन)ले तीन वर्षका लागि कार्ययोजना सार्वजनिक गरेको छ।

सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा प्याब्सनका अध्यक्ष कृष्णप्रसाद अधिकारीले कार्ययोजना सार्वजनिक गर्दै नेपालको शिक्षा विकास र विस्तारका लागि कार्ययोजना प्रभावकारी र उपलब्धिमूलक हुने बताउनुभयो।

कार्ययोजनामा निजी विद्यालयहरूले प्रदान गर्दै आएको शैक्षिक गुणस्तरलाई अझै समयसापेक्ष बनाउँदै राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी बनाउन निरन्तर क्रियाशील रहने र त्यसका लागि आवश्यकताअनुसार तीनै तहका सरकारसँग सहकार्य गर्ने, विद्यालय शिक्षालाई सबै नेपालीको पहुँचभित्र रहन आवश्यक प्रवर्द्धनात्मक क्रियाकलाप गर्दै यसको स्तर अभिवृद्धिका लागि नवप्रवर्तनलाई जोड दिने उल्लेख छ।

यस्तै प्याब्सनले निजी विद्यालयको लगानी सुनिश्चितताको सवालमा हाल संसद्मा छलफलमा रहेको विद्यालय शिक्षा विधेयकमा निजी विद्यालयलाई कम्पनीमा रहने व्यवस्था कायम राख्न आवश्यक सम्पूर्ण प्रयास गर्दै थप लगानीमैत्री वातावरणको सिर्जना गर्ने पनि कार्ययोजनामा समेटिएको छ।

यस्तै निजी विद्यालयमा कार्यरत शिक्षक–शिक्षिका तथा कर्मचारीको सेवासुविधाका सवालमा जिम्मेवार बन्दै सरकारद्वारा सञ्चालित सामाजिक सुरक्षा कोषमा आबद्ध गराउँदै लैजानेसमेत योजना रहेको छ।

पछिल्लो समयमा देखिँदै गएको पठनपाठन संस्कृतिप्रतिको ह्रासप्रति संवेदनशील बन्दै पढ्ने संस्कृतितर्फ उन्मुख गराउनका लागि विशेष कार्यक्रम सञ्चालन गर्नै, बाल शिक्षामैत्री विद्यालय निर्माणका लागि आवश्यक वातावरण बनाउने, सम्पूर्ण शिक्षक कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा गोष्ठीको व्यवस्था गर्ने कार्ययोजनामा उल्लेख छ।

यस्तै कार्ययोजनामा उच्च शिक्षाका लागि विदेश पलायन हुने वर्तमान रफ्तारलाई कम गर्न सम्बन्धित सरकारी तथा निजी निकायसँग आवश्यक सहकार्य गरी कमाउँदै पढ्दै गर्ने नीतिलाई सहयोग पुऱ्याउने रहेको छ। विभिन्न छात्रवृत्ति कार्यक्रममा देखापरेका समस्याप्रति गम्भीर हुँदै उक्त छात्रवृत्ति कार्यक्रमलाई लक्षित वर्ग र व्यक्तिसम्म पुऱ्याउनका लागि पहल गर्ने तथा ४५ प्रतिशत आरक्षित छात्रवृत्तिको विषयमा मिति २०८० चैत १४ गतेको सर्वोच्च अदालतको निर्देशनात्मक आदेश कार्यान्वयनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने कार्ययोजनामा उल्लेख छ।

प्याब्सन विद्यालयको गुणस्तर सुनिश्चितताको मापदण्ड बनाई गुणस्तर प्रयत्न प्रदान गर्ने कार्यक्रमलाई अवलम्बन गर्ने योजना छ। प्याब्सनका निवर्तमान अध्यक्ष डिके ढुङ्गानाले शिक्षा ऐन चाँडै ल्याउन माग गर्दै ऐनमा निजी विद्यालयको लगानी सुरक्षित गर्नुपर्ने बताउनुभयो।

### पत्रकार हत्याबारे ...

हराएको पत्रमा उल्लेख छ।

विगतमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हनन्का घटनाहरूमा संलग्नहरूलाई तत्काल कानुनी कारवाही गर्न र भविष्यमा सञ्चारमाध्यम र सञ्चारकर्मीको सुरक्षाको उचित प्रबन्ध मिलाउन पनि माग गरिएको छ।

‘एक साताभित्रै मागहरू सम्बोधन हुने विश्वसनीय आधार निर्माण गर्न जिल्ला प्रशासन कार्यालय, सप्तरी मार्फत नेपाल सरकारसमक्ष आग्रह गरिन्छ’ ध्यानाकर्षण पत्रमा भनिएको छ, ‘अन्यथा महासंघ सरकारविरुद्ध देशव्यापी आन्दोलनमा उत्रन बाध्य हुनेतर्फ ध्यानाकर्षण गराइन्छ।’

नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देवको नेतृत्वमा गएका पत्रकारहरुले प्रमुख जिल्ला अधिकारी भोला दाहाल मार्फत प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र पठाएका हुन।

# तीनकुने घटनाका दोषी कसैले उन्मुक्ति पाउँदैन : प्रधानमन्त्री ओली

काठमाडौँ, १८ चैत (रासस) । प्रधानमन्त्री केपी शर्मा ओलीले तीनकुने घटनाका दोषी कसैले पनि उन्मुक्ति नपाउने बताउनुभएको छ ।

प्रतिनिधिसभाको सोमबारको बैठकलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले गत शुक्रबार काठमाडौँमा दुईवटा विरोधसभा आयोजना भएकामा समाजवादी मोर्चाको विरोध लोकतान्त्रिक र विधिसम्मत भए पनि पूर्वराजाको समर्थनमा भएको विरोध संविधान विरोधी रहेको स्पष्ट पार्नुभयो ।

पूर्वराजा ज्ञानेन्द्र शाह पनि तीनकुने घटनाका लागि जिम्मेवार रहेको उल्लेख गर्नुहुँदै प्रधानमन्त्री ओलीले घटनामा संलग्न दोषी सबैलाई कारबाही गरिने हुने दृढता व्यक्त गर्नुभयो । तीनकुने घटनाबारे सरकार गम्भीर रहे पनि संसद्मै रहेका दल आन्दोलनमा सहभागी रहेकाले सम्भावित हिंस्रक घटनाको कल्पना नगरिएको उहाँले बताउनुभयो ।

"यही चैत १५ गते दुईवटा रणनीतिक कार्यक्रमबारे प्रशासनलाई जानकारी गराइएको थियो । दुवै कार्यक्रम शान्तिपूर्ण र संवैधानिक दायराभित्रको भनिएको थियो । शान्ति, सुव्यवस्था कायम राख्दै विरोध, आलोचना गर्न पाउने संवैधानिक अधिकार सुनिश्चित गर्न सरकारले हुनसक्ने अवाञ्छित घटनाप्रति आयोजकहरूलाई सचेत गराएको थियो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "यस सम्मानित सदनमा राम्रो उपस्थिति रहेका दलहरूको मूल नेतृत्वमा 'सामाजवादी मोर्चा'ले काठमाडौँको प्रदर्शनी मार्गमा भव्य सभा गर्‍यो । आफ्नो धारणा सार्वजनिक गर्‍यो । सरकारलाई खबरदारी गर्‍यो । संविधान र व्यवस्थाप्रति आफ्नो प्रतिबद्धता जनायो । शालीन जुलुससहित भएको त्यस कार्यक्रमका आयोजकहरूलाई धन्यवाद ज्ञापन गर्दछु । हाम्रो सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्ने विधि यस्तै हो भन्ने म ठान्दछु ।"

काठमाडौँको तीनकुनेमा अर्को सभाका लागि स्थान दिइएकामा त्यस कार्यक्रमका आयोजक को हुन् भन्नेमा केही आशङ्का र द्विविधा रहेका पनि प्रधानमन्त्री ओलीको भनाइ छ । त्यस कार्यक्रमको उद्देश्यमाथि आशङ्का गर्ने आधार रहेको र त्यसका आयोजकमध्ये केही व्यक्ति सदनमा उपस्थित दलका नेताहरूको पनि सहभागिता रहेकाले कार्यक्रमप्रति द्विविधासमेत रहेको उहाँले बताउनुभयो ।

तीनकुने घटनामा जुन उद्देश्यले कार्यक्रम गर्ने भनिएको थियो, त्योभन्दा फरक र हिंस्रक प्रकृतिको प्रदर्शन त्यहाँ भएको प्रधानमन्त्री ओलीले बताउनुभयो । "तीनकुनेका आयोजकहरूले पहिले प्रशासनलाई जानकारी गराएअनुसार सभा गरेनन् । उत्तेजक प्रदर्शन र अराजनीतिक नारासहित भीड सलबलाउन थाल्यो । सभा वा मन्तव्य हैन, प्रदर्शनको कथित 'जनकमाण्डर' आफैँले हाँकेको गाडी प्रहरीमाथि नै चढाउनेगरी निषेधित क्षेत्र तोड्न दौडाइयो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "भीड नियन्त्रण गर्न प्रशासनले गरेको प्रयासका विरुद्ध, प्रहरीको बन्दुक खोस्ने, गुण्डागर्दी र कुटपिट गर्ने, लुटपाट गर्नेजस्ता वारदात सुरु गरियो ।"

उक्त घटनामा निजी व्यक्तिको घर, सार्वजनिक भवन, सञ्चारगृह, पार्टी कार्यालय, औषधि कारखाना र सवारीका साधनमाथि ढुङ्गामुढा गर्ने, तोडफोड गर्ने, आगजनी गर्ने र डिपार्टमेन्टल स्टोरहरू लुटपाट गर्नेजस्ता आपराधिक घटना भएको प्रधानमन्त्री ओलीले संसद्मा बताउनुभयो । "निजी व्यक्तिको घरमा आगजनी मात्रै गरिएन मानिसलाई भित्रै थुनेर बाहिरबाट ताला लगाई जिउँदै डढाउने हिंस्रक, आततायी कार्य भयो । सुरक्षाका हिसावले अति संवेदनशील 'अन्तरराष्ट्रिय विमानस्थल'मा आगजनी गर्ने र 'प्रज्वलनशील पदार्थ'मा आगो लगाई विस्फोट गराउने आतङ्ककारी कामसमेत भयो । प्रहरीका सवारीसाधन मात्रै हैन, आगो निभाउन पुगेका दमकलमाथि आक्रमण गरियो," उहाँले भन्नुभयो ।

यस्ता क्रियाकलाप निन्दनीय र खेदजनक रहेको उहाँले स्पष्ट पार्नुभयो । साथै घटनामा संलग्नहरूमाथि अनुसन्धान गरी कारबाही गरिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो । घटनाको विस्तृत अनुसन्धान गरी गृहमन्त्रीमार्फत संसद्लाई जानकारी गराइने पनि प्रधानमन्त्री ओलीले बताउनुभयो । "घटनामा संलग्न जोसुकै होऊन्, जुनसुकै 'कभर'मा किन नहोऊन्, कडा प्रशासनिक कारवाही हुन्छ । घटनाको विस्तृत विवरण उपयुक्त समयमा गृहमन्त्रीज्यूले यस सदनमा राख्नु हुनेछ," उहाँले भन्नुभयो ।

घटनामा संलग्नहरूमाथि छानबिन सुरु भइसकेको र यसका योजनाकार तथा संलग्नमाथि सरकारले छानबिन र अनुसन्धान गरिरहेको प्रधानमन्त्री ओलीको भनाइ छ ।

तीनकुने घटनाको पृष्ठभूमिका रूपमा करिब एक वर्षअघि देखिको घटनालाई अध्ययन गर्नु आवश्यक रहेको पनि उहाँले बताउनुभयो । "सरकार, व्यवस्था र संविधानप्रति अनास्था, घृणा र भ्रम फैलाउन एउटा तत्व त्यसै बेलादेखि क्रियाशील थियो । मौका खोजिरहेको थियो," उहाँले भन्नुभयो, "धर्म, संस्कृति, परम्पराजस्ता संवेदनशील विषयमा अनावश्यक टिप्पणी गरी साम्प्रदायिक सद्भाव बिथोल्ने र खास समुदायमाथि आक्रमणमा उक्साउने काम गर्दै थियो । ऋण तिर्न पर्दैन भन्दै ऋणीहरूको भावनात्मक संवेदनामाथि खेल्ने र बैङ्क वित्तीय संस्था ध्वस्त पार्ने खेतीमा त्यो तत्व सक्रिय थियो ।"

पूर्वराजा ज्ञानेन्द्र शाहले गत फागुन ७ गते आफू 'अघि बढ्ने, साथ देऊ' भन्दै वक्तव्यबाजी गरेलगत्तै ठाउँठाउँमा स्वागत कार्यक्रम राख्दै जनमत भड्काउने काम सुरु भएको प्रधानमन्त्री ओलीको भनाइ छ । "प्रारम्भिक अध्ययनमा यी सबै घटनाले स्पष्ट पार्छ, पूर्वराजा शाहले संविधानसभाको ऐतिहासिक निर्णयपछि भएको सम्झौताको उल्लङ्घन गर्नुभएको छ," ओलीले भन्नुभयो ।

पूर्वराजा ज्ञानेन्द्र शाहलाई नागरिकको हैसियतमा शान्त जीवन बिताउने, नागरिकको कानुनी र संवैधानिक अधिकार प्रयोग गरी व्यापार-व्यवसाय सञ्चालन गर्ने, पूर्वराष्ट्रप्रमुखको हैसियतमा सरकारले सुरक्षाको प्रबन्ध गर्ने र उहाँलाई नागार्जुन दरबार प्रयोग गर्न र उहाँको मातालाई प्रयोग गरिरहेको नारायणहिटी दरबार परिसरको भवन प्रयोग गर्न दिने सहमति भएकामा पूर्व राजा शाहले उक्त सहमति विपरीतका क्रियाकलापहरू गरिरहेको प्रधानमन्त्री ओलीको भनाइ थियो ।

तीनकुने घटनाका दोषी कसैले पनि उन्मुक्ति नपाउने प्रतिबद्धता प्रधानमन्त्री ओलीले संसद्मार्फत जनाउनुभएको छ । "आपराधिक घटनमा संलग्न कसैले पनि उन्मुक्ति पाउँदैन, पाउनु हुन्न । यसमा तत्कालीन राजा शाहले पनि उन्मुक्ति पाउनु हुन्न," उहाँले भन्नुभयो, "फेरि राजा बन्छु, व्यवस्था मास्छु भन्नेले यी सबै शृङ्खलाबद्ध घटनामा आफ्नो धारणा सार्वजनिक गर्नु पर्दैन ?

प्रधानमन्त्री ओलीबाट सम्बोधन भइरहँदा राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसदहरूले नियमापत्ति गर्दै विरोध जनाएका थिए ।

# 'सहकारी संस्थामा बचतको सीमा निर्धारण गर्नुपर्ने'

काठमाडौँ, १८ चैत (रासस) । राष्ट्रियसभाका सांसदहरूले सहकारी संस्थामा बचत गर्ने रकमको सीमा निर्धारण गर्नुपर्नेमा जोड दिनुभएको छ ।

राष्ट्रियसभाको सोमबारको बैठकमा सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफलका क्रममा सांसद तुलप्रसाद विश्वकर्माले रु १० करोडभन्दा कम कारोबार हुने सहकारी संस्थाको सञ्चालक समितिका पदाधिकारीको कार्यकाल बढीमा दुई पटकसम्म हुने व्यवस्था गर्नु उचित नहुने बताउनुभयो । "सहकारी बचतको सीमा निर्धारण गर्नुपर्ने छ । बचत तथा ऋणको सीमा निर्धारण गरिएमा सहकारीबाट ठगिने आत्महत्यासम्मको बाटो अपनाउनुपर्ने अवस्था आउन छैन", उहाँले भन्नुभयो ।

सांसद विष्णुबहादुर विश्वकर्माले सहकारी सञ्चालक समितिको अध्यक्ष र सदस्यको पदावधिको औचित्यका आधारमा सिफारिस भएमा मात्रै पुनःनियुक्ति गर्नुपर्ने प्रावधान राखिनुपर्ने सुझाव दिनुभयो । सांसद श्रीकृष्णप्रसाद अधिकारीले नियत खराब भएका सहकारीको सम्पत्ति जफत गर्ने गरी ऐनले बाटो खोल्नुपर्ने तथा नियमन र अनुगमन बढाउन कानुनी ढोका खोलिनुपर्नेमा जोड दिनुभयो ।

छलफलमा सांसदहरू राजेन्द्रलक्ष्मी गैरै, मनरुपा शर्मा, घनश्याम रिजाल, गङ्गाकुमारी बेलबासेले भाग लिनुभएको थियो ।

बैठकमा उठेका प्रश्नहरूको जवाफ दिँदै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले कानुन आवश्यकताअनुसार बनाउने बताउनुभयो ।

सोमबारको बैठकमा प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ माथिको दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुका साथै सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१ लाई राष्ट्रियसभाको बहुमतले पारित समेत भएको छ ।

### मारिएका पत्रकार ...

प्रधानमन्त्री ओलीले अराजक जत्थाको आगलागीका कारण अकालमा ज्यान गुमाउन पुगेका पत्रकार रजकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै परिवारमा समवेदना व्यक्त गर्नुभयो । उहाँले उक्त दुःखद् घटनाको छानबिन गरी दोषीमाथि कडा कारबाही प्रक्रिया सुरु भएको बताउनुभयो ।

प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डेको समन्वयमा भएको भेटमा सुरेशका दाजु रमेश रजक र दिनेश रजकलगायत सहभागी हुनुहुन्थ्यो ।

### एमालेले शक्ति ...

एमाले पार्टी कार्यालय मदननगरबाट सयौँको संख्यामा निकालिएको मोटरसाइकल र्‍याली नगरपरिक्रममा पश्चात् स्थानीय जनआन्दोलन चौकमा विरोध सभामा परिणत भएको थियो ।

विरोध सभालाई सम्बोधन गर्दै एमाले नेता तथा पोलिटब्यूरो सदस्य सुमनराज प्याकुरेलले मोटरसाइकल र्‍याली एउटा सिनेमाको ट्रेलर मात्र रहेको दाबी गर्दै गणतन्त्रको पक्षधरहरु एकजुट हुनुको विकल्प नरहेको बताए ।

विरोधसभालाई एमाले सप्तरी अध्यक्ष ताराकान्त चौधरी लगायत अन्य नेताहरुले सम्बोधन गरेका थिए ।

## विश्व समाचार

### समयसीमा सकिनुअघि टिकटक सम्झौता हुनेमा विश्वस्त छु : ट्रम्प

वासिङ्टन, १८ चैत (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार अप्रिल ५ को समयसीमाअघि नै टिकटकको चिनियाँ मालिक बाइटडान्सले लोकप्रिय छोटो भिडियो एप बेच्ने वा संयुक्त राज्य अमेरिकामा यसमाथि प्रतिबन्ध लगाइनेबारे सम्झौता गर्न विश्वस्त भएको बताउनुभएको छ ।

"हामीसँग धेरै सम्भावित खरिदकर्ताहरू छन् । टिकटकमा ठूलो चासो छ", ट्रम्पले एयर फोर्स वानमा पत्रकारहरूलाई भन्नुभयो, "हामीसँग टिकटक किन्न चाहने धेरै मानिस छन् । हामी चीनसँग पनि यसबारे कुराकानी गरिरहेका छौँ किनभने उनीहरूको यससँग केही सम्बन्ध हुनसक्छ,"म टिकटक जीवित रहेको हेर्न चाहन्छु ।"

सत्र करोड प्रयोगकर्ता रहेको यो प्लेटफर्म अधिग्रहण गर्न इच्छुक चार समूहसँग यस महिना अमेरिकाले वार्ता गरिरहेको ट्रम्पले बताउनुभयो ।

बेइजिङले अमेरिकीहरूको जासुसी गर्न वा अमेरिकी जनमतलाई गोप्य रूपमा प्रभाव पार्न एपको दुरुपयोग गर्न सक्छ भन्ने चिन्तालाई लिएर लागु गरिएको अमेरिकी कानूनले टिकटकलाई बाइटडान्सबाट अलग गर्न वा संयुक्त राज्यमा प्रतिबन्ध लगाउन आदेश दिएको छ ।

यो कानून ट्रम्पको शपथग्रहण हुनुभन्दा एक दिनअघि जनवरी १९ मा लागु भयो । तर ट्रम्पले तुरुन्तै ढिलाइको घोषणा गर्नुभएपछि यसलाई सञ्चालन जारी राख्न अनुमति दिएको छ । त्यो ढिलाइ अप्रिल ५ मा समाप्त हुने तय गरिएको छ ।

"सम्झौता नभएमा के तपाईं म्याद थप्नुहुन्छ ?" भन्ने प्रश्नमा ट्रम्पले भन्नुभयो, "टिकटकसँग सम्झौता हुनेछ, म निश्चित छु ।"

ट्रम्पले आफ्नो पहिलो ह्वाइट हाउस कार्यकालमा राष्ट्रिय सुरक्षा चिन्ताका कारण संयुक्त राज्य अमेरिकामा टिकटकमाथि प्रतिबन्ध लगाउने प्रयास गर्नुभएको थियो तर अहिले यसप्रति सकारात्मक हुनुभएको छ ।

"स्वार्थका साथ भन्नुपर्दा मैले ३६ अङ्कले युवा मत जितेको छु । रिपब्लिकनहरूले सामान्यतया युवा समूहसँग धेरै राम्रो प्रदर्शन गर्दैनन् र मलाई लाग्छ यसको धेरै भाग टिकटकका कारण हुन सक्छ",उहाँले भन्नुभयो ।

### ट्रम्पको आप्रवासन नीतिविरुद्ध प्रदर्शन

डलास, संयुक्त राज्य अमेरिका, १८ चैत (रासस/एएनआई) ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासन नीतिप्रति असन्तुष्टि जनाउँदै सोमबार डलासमा विरोध प्रदर्शन भएको सिएनएनले जनाएको छ ।

प्रदर्शनकारीले आप्रवासन अधिकारीद्वारा सुरक्षा नियन्त्रणमा लिएका विद्यार्थीको रिहाइको माग पनि गरेका छन् । सिएनएनका अनुसार विरोधमा सहभागीहरूले एकता र देशभक्तिको प्रतीकको रूपमा अमेरिकी झण्डा बोकेका थिए भने केध स्ट्रीले महमुद खलिल, खान सूरी र रुमेसा ओजतुर्कका प्रतीक बोकेका थिए ।

ट्रम्प सरकारले आतङ्कवादी सङ्गठनसँग सम्बन्धित गतिविधिको आरोपमा केही विद्यार्थीलाई गिरफ्तार गरेको विरोधमा भएको प्रदर्शनमा व्यापक सहभागिता देखिन्यो ।

'लिग अफ युनाइटेड ल्याटिन अमेरिकन सिटिजन्स'का पूर्व राष्ट्रिय अध्यक्ष हेक्टर फ्लोर्सले विरोध प्रदर्शनलाई सम्बोधन गर्दै वास्तुकला, कला, खाना, स्वास्थ्य सेवा, शिक्षा र विज्ञान लगायत विभिन्न क्षेत्रमा ल्याटिनहरूको योगदानबारे चर्चा गर्नुभएको थियो । उहाँले भन्नुभयो, "ल्याटिनहरू अमेरिकाको मेरुदण्ड हुन् ।"

दोस्रो कार्यकालमा आफ्नो अभियानको दृढ योजनाको रूपरेखा प्रस्तुत गर्दै राष्ट्रपति ट्रम्पले अघि सारेका आप्रवासन अधिकारलगायतका नीतिगत परिवर्तनबारे न्याय हुनुपर्ने फ्लोर्सले बताउनुभयो ।

ट्रम्पले आप्रवासन नीतिलाई संशोधन गरी जन्मसिद्ध नागरिकतालाई हटाउने प्रयास गरेपछि अमेरिकी प्राज्ञहरूलेसमेत यसलाई असंवैधानिक निर्णय भनेका छन् ।

### ट्रम्पको गाजा योजनाविरुद्ध लड्न हमासको आह्वान

काहिरा, इजिप्ट, १८ चैत (रासस/एएफपी) ।

हमासका एक वरिष्ठ अधिकारीले सोमबार विश्वभरका समर्थकलाई हतियार उठाउन र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले २० लाखभन्दा बढी गाजावासीलाई इजिप्ट र जोर्डनजस्ता छिमेकी देशमा स्थानान्तरण गर्ने योजनाविरुद्ध लड्न आह्वान गर्नुभएको छ ।

सामी अबु जुहारीले एक विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, "नरसंहार र भोकमरीको संयोजन गर्ने यो कुटिल योजनाको सामना गर्न विश्वको जुनसुकै कुनामा पनि हतियार बोक्न सक्ने जो कोहीले पनि कदम चाल्नुपर्छ ।"

उहाँले भन्नुभयो, "विष्फोटक पदार्थ, गोली, चक्कु वा ढुङ्गा नरोक्नुहोस् । सबैले आफ्नो मौनता तोडिदेओस्।" इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले हमासका नेताहरूलाई गाजा छोड्न दिने प्रस्ताव गरेको एक दिनपछि अबु जुहरीले यो आह्वान गर्नुभएको हो तर गाजामा युद्धको अन्तिम चरणमा प्यालेस्टिनी लडाकू समूहलाई निःशस्त्रीकरण गर्न माग गर्नुभएको थियो ।

उक्त अवसरमा नेतन्याहूले गाजावासीलाई अन्य देशमा विस्थापित गर्ने ट्रम्पको योजनाका लागि इजरायलले काम गरिरहेको बताउनुभयो ।

नेतन्याहूले युद्धपछि इजरायलले गाजामा समग्र सुरक्षा सुनिश्चित गर्ने र प्यालेस्टिनी क्षेत्रमा बसोबास गर्ने सबै २४ लाख मानिसलाई सामूहिक विस्थापनका लागि आह्वान गरेको ट्रम्प योजनाको कार्यान्वयनलाई सक्षम बनाउने र यसलाई 'स्वैच्छिक आप्रवासन योजना' को संज्ञा दिनुभएको छ ।

गत जनवरीमा पदभार ग्रहण गरेको केही दिनपछि ट्रम्पले गाजाबाट गाजावासीलाई हटाउन प्रस्ताव गर्नुभएको थियो तर यसको अरब राष्ट्रहरूसहित विश्व समुदायबाट विरोधपछि उहाँले उक्त प्रस्तावको चर्चा गर्नुभएको थिएन ।

# प्रमुख दलको निष्कर्ष : गणतन्त्र विरुद्धका गतिविधिमा प्रमुख जिम्मेवार पूर्वराजा

काठमाडौँ, १७ चैत (रासस) ।

गणतन्त्र पक्षधर प्रमुख दलले पछिल्ला दिनमा मुलुकको संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रका विरुद्ध भइरहेको गतिविधिमा प्रमुख जिम्मेवार पूर्वराजा भएको निष्कर्ष निकालेका छन् ।

व्यवस्था र संविधानका विरुद्ध गतिविधि गर्ने पूर्वराजालाई कारबाहीको दायरामा ल्याउनुपर्ने सुझाव उनीहरुले दिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको आह्वानमा सोमबार सिंहदरबारमा भएको गणतन्त्र पक्षधर दलको बैठकमा सबै दलका नेताले पूर्वराजाकै कारण अराजक गतिविधि बढेको निष्कर्ष निकालेका हुन् । उनीहरुले त्यस्ता गतिविधि गर्नेलाई कारबाहीको दायरामा ल्याउनुपर्ने सुझाव सरकारलाई दिएको गृहमन्त्री रमेश लेखकले जानकारी दिनुभयो ।

नेपाली जनताको सङ्घर्ष, त्याग र बलिदानबाट यो व्यवस्था प्राप्त भएको उल्लेख गर्दै उहाँले त्यसको रक्षा गर्ने दायित्व गणतन्त्र पक्षधर दल र नेपाली जनताको भएकामा सबै दल एकमत रहेको बताउनुभयो । "सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था उल्ट्याउने, नेपालको संविधान समाप्त पार्ने जे जति गतिविधि भएका छन् । यो सबैको मुख्य जिम्मेवार पूर्वराजा ज्ञानेन्द्र नै हुन् भन्नेमा सबै दलले साझा मत राख्नुभयो", उहाँले भन्नुभयो ।

संविधान विपरीत हुने यस्ता गतिविधि सह्य नहुने ठहर गर्दै प्रमुख दलले त्यस्ता गतिविधिमा संलग्नलाई आवश्यक कानुनी कारबाहीको प्रक्रिया थाल्न सरकारलाई आग्रह गरेको छ ।

नेकपा (माओवादी केन्द्र) का उपमहासचिव शक्तिबहादुर बस्नेतले संविधान र व्यवस्था विरुद्ध भइरहेको गतिवधिलाई सरकारले नियन्त्रण गर्नुपर्ने सुझाव पार्टीका तर्फबाट सरकारलाई दिएको बताउनुभयो । उहाँले जनताको असन्तुष्टिलाई जिम्मेवार भएर सरकारले सम्बोधन गर्नुपर्ने, आपराधिक गतिविधिमा संलग्नलाई कारबाहीको दायरामा ल्याउनुपर्ने बताउनुभयो ।

नेता बस्नेतका अनुसार बैठकमा प्रधानमन्त्री ओलीले मुलुकको पछिल्लो अवस्थाका बारेमा जानकारी गराउँदै पूर्वराजाका गतिविधि कानुन र संविधान विरुद्ध भइरहेको पाइएकाले प्रमुख राजनीतिक दलका तर्फबाट स्पष्ट सुझाव दिन आग्रह गर्नुभएको थियो ।

यही चैत १५ गते शुक्रबारको घटनाका दोषी पहिचान गरी कारबाही गर्नुपर्ने बैठकको निष्कर्ष रहेको नेता बस्नेतको भनाइ छ । सरकारका तर्फबाट अपनाउनुपर्ने पूर्वसावधानीमा केही कमजोरी भएकामा स्पष्ट धारणा राखेको र प्रधानमन्त्रीका तहबाट त्यसलाई स्वीकार गर्नुभएको नेता बस्नेतले उल्लेख गर्नुभयो ।

पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले गणतन्त्र पक्षधर दलका बीचमा साझा धारणा बनाएर संविधान विपरित गतिविधि गर्ने पूर्वराजालाई कारबाहीको दायरामा ल्याउनुपर्ने सुझाव सरकारलाई दिएको बताउनुभयो । उहाँले राजनीतिक दलले पूर्वराजालाई सदासयतापूर्वक व्यवहार गरे पनि पूर्वराजाले संविधान र व्यवस्थाका विरुद्ध गतिविधि गरेकाले सह्य नहुने धारणा राखेको बताउनुभयो ।

बैठकमा प्रधानमन्त्री ओली, नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा, नेता कृष्ण सिटौला, माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष पम्फा भुसाल, उपमहासचिव बस्नेत, पूर्वप्रधानमन्त्री डा भट्टराई, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, लोसपा अध्यक्ष महन्थ ठाकुर, जसपाका अध्यक्ष अशोक राई, जनमत पार्टी अध्यक्ष सीके राउत, जनमोर्चाका चित्रबहादुर केसीलगायत सहभागी हुनुहुन्थ्यो ।

# ईक्युवालिटी कपमा सप्तरी बिजयी

**दैनिक समाचारदाता**
**राजविराज, १८ चैत ।**

नेपाल क्रिकेट फाउन्डेशन बिराटनगरद्वारा संचालित चौथो ईक्युवालिटी कप टि-ट्वान्टी महिला क्रिकेट प्रतियोगितामा सप्तरी क्रिकेट टिम बिजयी भएको छ ।



सोमवार सप्तरी र ईलाम बिच भएको खेलमा साक्षी यादबको उत्कृष्ट ब्याटिङले सप्तरीले ईलामलाई ८ बिकेटले पराजित गरेको हो ।

ईलामले दिएको १ सय १८ रनको लक्ष्य सप्तरी टिमले दुई बिकेट गुमाई बिजय हासिल गऱ्यो । जसमा साक्षी यादबले १० चौकाको मदतले अबिजित ६० रन बनाएपछि सप्तरीको जित सुनिश्चित भएको थियो । यस्तै बन्दना रजकले १३ रन र अपेक्षा यादबले ११ रन बनाएकी थिइन् । यस्तै बलिङतर्फ ईलामका टिकामाया तमाङ र मुना रायले १/१ बिकेट लिएकी थिइन् ।

यसअघि टस जितेर ईलामले निर्धारित २० ओभरमा ६ बिकेट गुमाएर १ सय १७ रनको योगफल खडा गरेका थियो । जसमा प्रियंका राई ४१ र दिपा लिम्बू १० रन बनाएर अविजित रहीन भने अन्य ब्याटरहरू दोहोरो अंक पार गर्न सकेनन् ।

बलिङतर्फ सप्तरीकी सुस्मिता यादबले दुई ओभरमा १९ रन खर्चेर २ बिकेट हात पारिन भने अपेक्षा यादब, संचिता यादब र बन्दना रजकले समान्य १/१ बिकेट हात पारेकी थिइन् ।

खेलको प्लेयर अफ दि म्याच सप्तरीकी साक्षी यादब घोषित भएको टिम ब्यबस्थापक बिना यादबले जानकारी दिईन ।

# सांसद जबरालाई राज्य विरुद्धको कसुर अपराधमा पक्राउ गरिएको बारे सदनलाई जानकारी

काठमाडौँ, १८ चैत (रासस) ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसद धवल शम्सेर जबरालाई राज्य विरुद्धको कसुर अपराधमा पक्राउ गरिएको बारे सदनलाई जानकारी गराइएको छ ।

सांसद जबरालाई सातदोबाटोबाट पक्राउ गरी हिरासतमा राखी थप अनुसन्धान भईरहेको व्यहोरासहित जिल्ला प्रहरी परिसरको पत्र प्राप्त भएको उल्लेख गर्नुहुँदै सभामुख देवराज घिमिरेले प्रतिनिधिसभा नियमावली २०७९ को नियम ४८ को उपनियम १ को प्रयोजनका लागि सदनलाई जानकारी गराइएको बताउनुभयो ।

# गणतन्त्रको विकल्प छैन: महामन्त्री शर्मा

काठमाडौँ, १८ चैत (रासस) ।

नेपाली कांग्रेसका महामन्त्री तथा सांसद विश्वप्रकाश शर्माले संसदमा प्रधानमन्त्रीले सम्बोधन गर्ने क्रममा भएको विरोध संसदीय मर्यादाविपरीत भएको बताउनुभएको छ । प्रतिनिधिसभाको सोमबारका बैठकमा उहाँले यस विषयमा प्रतिपक्षी सांसदलाई जिम्मेवार बन्न आग्रह गर्नुभयो ।

"हाम्रो संसदीय प्रणालीमा संसद् सञ्चालनको आफ्नै परम्परा, मर्यादा र विधिहरू छन्, उक्त विधि बमोजिम देशको प्रधानमन्त्री बोल्दै गर्दा बीचमा उभिने र प्रश्न गर्ने कुरा तथा प्रधानमन्त्री बोलिसकेपछि सवालजवाफ गर्ने कुरा संसदको कुनै नियमावलीले व्यक्त गर्दैन, त्यसैले आज जे भएको छ, त्यो गलत भएको छ", उहाँले भन्नुभयो ।

सोमबारको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीको सम्बोधनपछि सांसद ज्ञानेन्द्रबहादुर शाहीले आपत्ति जनाउँदै प्रश्न उठाउनुभएको थियो । उक्त विषय संसदीय मर्यादाविपरीत भएको महामन्त्री शर्माको भनाइ थियो । उहाँले गत शुक्रबार तीनकुनेमा प्रदर्शनका क्रममा भएको घटनाको निन्दा गर्दै उक्त घटनाका सम्बन्धमा सम्पूर्ण राजनीतिक दलले दुःख व्यक्त गर्दा पूर्वराजाले कुनै चासो नदेखाएको बताउनुभयो ।

"सशस्त्र आन्दोलन देशमा हुँदै गर्दा स्वभाविक रूपमा हिंसाका घटना हुन्छन्, नेपाली कांग्रेसले इतिहासको कुनै कालखण्डमा हिंसात्मक सङ्घर्षको नेतृत्व गरेको थियो । उक्त विषयमा विपी कोइरालाले अदालतमा बयान दिने क्रममा म प्रत्यक्ष रूपमा सहभागी नभए पछि जिम्मेवारी लिन्छु भन्नुभएको थियो, अहिले तीनकुनेको घटनामा पूर्वराजाले दुःख समेत व्यक्त गरेनन् ।"

महामन्त्री शर्माले राजाले पटक-पटक संविधान र लोकतन्त्रमाथि धावा बोलेपछि नेपाली जनताले गणतन्त्रको विगुल फुकेको बताउनुभयो । "नागरिकमा कैयौँ असन्तुष्टि होलान्, तर त्यसको विकल्प समाधान हो राजा होइन", उहाँले भन्नुभयो । उहाँले गणतन्त्रको विकल्प खोज्ने होइन यसलाई सुधार गरेर अगाडि बढ्ने हो भन्नुभयो ।

# तीनकुने घटनाबारे उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गर्न माग

काठमाडौँ, १८ चैत (रासस) ।

प्रतिपक्षी दलहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपाले) गत शुक्रबार तीनकुनेमा भएको प्रदर्शनका क्रममा घटित घटनाबारे उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गर्न माग गरेका छन् ।

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले उक्त घटनाप्रति दुःख व्यक्त गर्नुहुँदै निष्पक्ष छानबिको माग गर्नुभयो । उक्त घटनामा ज्यान गुमाएका पत्रकार सुरेश रजक र अर्का युवा सविन महर्जनलाई सहिद घोषणा गर्न पनि उहाँले माग गर्नुभयो ।

रास्वपाका कार्यबाहक प्रवक्ता मनिष झाले तीनकुने घटनामा कुनै एउटा पक्षलाई दोष दिएर सरकार उम्किन नपाउने बताउनुभयो । "तीनकुनेको त्यो अराजकता र उदण्डताको हामी विरोध जनाउँछौँ । तर यसमा कुनै एउटा पक्षमात्र जिम्मेवार छैनन्", उहाँले भन्नुभयो, "ज्यान गुमाएका युवा सविन महर्जनलाई पछाडिबाट गोली हानेको भिडियो बाहिरिएका छन् । उनी भागेका पनि थिएनन्, ढुङ्गा हानिरहेका थिएनन् । पत्रकार सुरेश रजकको मृत्यु पनि शङ्कास्पद छ । यो घटनामा उच्चस्तरीय छानबिन आयोगको माग गर्दछौँ ।"

सांसद झाले सदन शालिन, भद्र र संसदीय प्रणालीअन्तर्गत सदन चलोस् भन्ने चाहेको पनि स्पष्ट पार्नुभयो ।

## भावपूर्ण श्रद्धाञ्जली



**स्व. कमल कोइराला**

वरिष्ठ पत्रकार कमल कोइरालाको ८७ वर्षको उमेरमा चैत १७ गते निधन भएको यस दुःखद घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**अनिल कुमार अनल**
**सम्पादक**
**राजविराज दैनिक**

उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरू

- नून कम भएको स्वस्थ र पोपिलो आहार खाने,
- तौल कम गर्ने र शारीरिक रुपमा सक्रिय रहने,
- सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगर्ने,
- चिकित्सकको सल्लाह पालना गर्ने,
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने,
- आफुलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, रक्तचाप (ब्लडप्रेसर), मिर्गौला सम्बन्धी रोगको नियमित जाँच गर्ने गरौं।

स्वस्थ र दीर्घ जीवन बाँचौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*